जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५४ पृष्ठः ४ | २०८३ असार ०२ मंगलबार (Tuesday 16 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा बिक्री गर्न लागेको अनुदानको १३ बोरा युरिया मल बरामद



सिरहा, १ असार। किसानका लागि अनुदानमा उपलब्ध गराइएको १३ बोरा युरिया मल सिरहामा अनधिकृत रूपमा बिक्री भइरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिइएको छ। प्रहरी सिरहाको धनगढीमाइ नगरपालिका-१० स्थित प्रधान किराना पसलबाट १३ बोरा युरिया मल नियन्त्रणमा लिएको हो। जिल्ला प्रशासन कार्यालय सिरहाको संयुक्त अनुगमन टोलीले विशेष सुचनाको धनगढीमाई नगरपालिका-१० स्थित भरत प्रधानको किराना पसलबाट ३३ केजी दरका १३ बोरा युरिया मल बरामद गरेको हो।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, राष्ट्रिय अनुसन्धान विभागका डीएसपी रिजन यादव तथा कृषि सामग्री कार्यालय लहानका प्रतिनिधि सम्मिलित टोलीले मल नियन्त्रणमा लिएर यसको स्रोत र बिक्री प्रक्रियाबारे अनुसन्धान थालेको जनाएको छ।

डीएसपी यादवले किसानका लागि छुट्याइएको अनुदानको मल कालोबजारी गर्ने जोसुकैमाथि कानुनअनुसार कारबाही गरिने बताए। धान रोपाइँको समयमा मल अभाव भइरहेका बेला अनुदानको मल अनधिकृत रूपमा बिक्री भएको पाइएपछि स्थानीय कृषकले चिन्ता व्यक्त गरेका छन्।

## मधेश सरकारले ल्यायो ४१ अर्ब १३ करोड ८६ लाखको बजेट

**शैलेन्द्र महतो**

जनकपुर, १ असार। मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाखको बजेट ल्याएको छ। सोमबार अर्थमन्त्री युवराज भट्टराईले मधेश प्रदेश सभामा उक्त बजेट प्रस्तुत गरेका हुन्। बजेटमा चालुतर्फ १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार र पुँजीगततर्फ २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार खर्च प्रस्ताव



गरिएको छ। जुन कुल बजेटमा चालुतर्फ ३५.५४ प्रतिशत र पुँजीगततर्फ ६४.३५ प्रतिशत हुन आउँछ। बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, वनलगायतका क्षेत्रलाई प्राथमिकता राखिएको छ।

बजेटको स्रोत व्यवस्थापनमा आन्तरिक स्रोत तथा राजश्व तर्फबाट ११ अर्ब २२ करोड ७५ लाख बेहोर्ने अर्थमन्त्री भट्टराईको प्रस्ताव छ। यस्तै, संघीय सरकारबाट राजश्व बाँडफाटअन्तर्गत १२ अर्ब ८३ करोड प्राप्त हुने अनुमान गरिएको


**-बाँकी दुई पेजमा**

## विश्व रक्तदान दिवसको अवसरमा जेसिआई गोलबजारद्वारा रक्तदान कार्यक्रमको आयोजना, ४६ जनाले गरे रक्तदान

सिरहा, १ असार। विश्व रक्तदान दिवसको अवसर पारेर जेसिआई गोलबजारले आयोजना गरेको रक्तदान कार्यक्रम सम्पन्न भएको छ। 'बदलिदो संसारका लागि नेतृत्वको विकास' भन्ने मूल नाराका साथ आयोजित रक्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेका थिए। जेसिआई गोलबजारका अध्यक्ष राहुल कुमार साहले रक्तदान जीवनदान भएकाले रगतको अभावमा रहेका बिरामीहरूको जीवन बचाउन यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताए।




उनले सामाजिक उत्तरदायित्वसँगै मानव सेवाको भावनालाई प्रवर्द्धन गर्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। कार्यक्रममा संकलित रगत उपचारको क्रममा रगत आवश्यक पर्ने बिरामीहरूको सेवामा उपयोग गरिने जनाए। सहभागीहरूले नियमित रक्तदान गर्नुपर्ने आवश्यकता औंल्याउँदै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा युवा, स्थानीयवासी तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रमका अध्यक्षता जेसिआई गोलबजारका अध्यक्ष राहुल कुमार साहले गरेका थिए भने, प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाइटी, लहानले गरेको थियो।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,

**स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## अतिक्रमित जग्गा रोक्का गर्न पत्राचार

काठमाडौं, १ असार। सरकारले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन कार्यान्वयन प्रक्रिया अघि बढाएको छ। प्रतिवेदनमा उल्लेख भएका अतिक्रमित सबै सरकारी तथा सार्वजनिक जग्गा कुनै पनि व्यहोराले हकहस्तान्तरण हुन नपाउने गरी रोक्का प्रक्रिया सुरु गरिएको हो। भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागलाई पत्राचार गर्दै आयोगको प्रतिवेदनमा समावेश अतिक्रमित जग्गा कुनै पनि व्यक्तिको

**-बाँकी तीन पेजमा**

# सम्पादकीय

## कानुन कार्यान्वयन कि तुजुग प्रदर्शन?

हालै कैलालीको गोदावरी नगरपालिका क्षेत्रमा वन कार्यालयका कर्मचारीले एउटा टेम्पो भिरबाट फालिदिएको भिडियो सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको छ। त्यसपछि प्रहरीले घटनाबारे अनुसन्धान र कारबाही प्रक्रिया थालेको छ। वन अतिक्रमण हटाउन घरटहरा खाली गराउने क्रममा डिभिजन वन कार्यालयका कर्मचारीले घरका सामानसमेत लैजान नदिई आफ्नो टेम्पो भिरबाट खसालिदिएको आरोप पीडित सवारीधनीले लगाएकी छन्। केही साता पहिले वीरेन्द्रनगर नगरपालिकाका नगरप्रहरीले सडकमा बेच्न राखिएको काफल लात्ताले हानेर फालिदिएका थिए। उक्त घटनाको चर्को आलोचना भएपछि नगरपालिकाले पीडित महिलालाई १० हजार रुपैयाँ क्षतिपूर्ति दियो। तर, दुर्व्यवहारमा संलग्न कर्मचारीमाथि कुनै कानुनी वा प्रशासनिक कारबाही भएको सार्वजनिक भएको छैन।

यी घटना नेपालका लागि नौला भने होइनन्। केही वर्ष पहिलेसम्म काठमाडौं महानगरपालिकाका नगरप्रहरीले सडकमा बेच्न राखिएका सामान भर्पाई नदिई जफत गर्ने, ठेलागाडा खोस्ने र प्रतिवाद गर्नेहरूलाई दुर्व्यवहार गर्ने गरेका समाचार बारम्बार सार्वजनिक हुन्थे। सीमा क्षेत्रमा खटिने सुरक्षाकर्मी वा प्रहरीका कतिपय व्यवहार पनि सर्वसाधारण नागरिकप्रति अपेक्षित रूपमा मर्यादित र मानवोचित हुन सकेका देखिँदैनन्। दैनिक रूपमा नागरिकसँग प्रत्यक्ष सम्पर्कमा कम आउने भएकाले नेपाली सेनासम्बन्धी यस्ता घटना कम सार्वजनिक हुन्छन्। तर राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रहरूमा खटिएका सुरक्षाकर्मी वा कर्मचारीबाट स्थानीय बासिन्दामाथि दुर्व्यवहार भएका घटनाहरू बेलाबखत सार्वजनिक हुने गरेका छन्। बारम्बार सार्वजनिक भइरहेका घटनाहरूले कानुन कार्यान्वयनको जिम्मेवारी पाएका निकायहरूमा नागरिकप्रति असहिष्णुता र शक्ति प्रदर्शनको प्रवृत्ति अझै पूर्ण रूपमा अन्त्य हुन नसकेको संकेत गर्छ ।

कानुन कार्यान्वयनमा संलग्न कर्मचारी र सुरक्षाकर्मीको मूल दायित्व विधिको शासन कायम गर्नु हो। तर विडम्बना, कतिपय अवस्थामा कानुनको कार्यान्वयनकै नाममा नागरिकको संवैधानिक अधिकार र मानवीय मर्यादामाथि आघात पुग्ने गरेको देखिन्छ। नागरिकको सम्मान र आत्मसम्मान जोगाएर पनि त कानुन पालना गराउन सकिन्छ। कानुन कार्यान्वयन र शक्ति प्रदर्शनबीचको सीमा बारम्बार मिच्नुको कारण के हुनसक्छ ? यसका लागि सम्बन्धित मन्त्रालय वा निकायहरूले प्रत्यक्ष रूपमा अमानवीय व्यवहार गर्न निर्देशन दिएका हुँदैनन्। तर, नागरिकमाथि दुर्व्यवहार गर्ने कर्मचारी वा सुरक्षाकर्मीमाथि प्रभावकारी र उदाहरणीय कारबाही नहुँदा दण्डहीनताको संस्कार बलियो बन्न पुग्छ। परिणामतः सञ्चार माध्यम, सामाजिक सञ्जाल र सार्वजनिक आलोचना जति भए पनि यस्ता घटना दोहोरिन छाडेका छनन्।

यस्ता व्यवहारलाई केही व्यक्तिको कमजोरीका रूपमा मात्र हेरेर पुग्दैन। कानुन कार्यान्वयन गर्ने निकायमा प्रवेश गर्नेहरू समाजकै सामान्य नागरिक हुन्। तर यस्ता घटना बारम्बार दोहोरिनुले व्यक्तिगत व्यवहारसँगै संस्थागत संस्कार, तालिम प्रणाली, नेतृत्व शैली र जवाफदेहीको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण रहेको देखाउँछ।

कैलालीका वन कर्मचारीहरूले टेम्पोलाई कानुनअनुसार जफत गरेको भए त्यो कानुनी प्रक्रियाको विषय हुन्थ्यो। तर सवारीसाधनलाई भिरबाट लडाउनु अधिकार प्रयोग होइन शक्ति प्रदर्शनको अक्षम्य उदाहरण हो। त्यसैगरी, सार्वजनिक स्थानमा व्यापार गरिरहेकी महिलाको काफल लात्ताले हानेर फालिदिनु कानुन कार्यान्वयनभन्दा बढी अपमानजनक व्यवहार हो। यस्ता घटनाले केही गम्भीर प्रश्न उठाउँछन्। संगठनभित्रको कठोर कार्यसंस्कृति, कमजोर निरीक्षण प्रणाली वा दण्डहीनताले यस्ता व्यवहारलाई प्रोत्साहन त गरिरहेको होइन ? अधिकार प्रयोग र शक्ति प्रदर्शनबीचको भिन्नता सम्बन्धित निकायहरूले आफ्ना कर्मचारीलाई पर्याप्त रूपमा बुझाउन सकेका छन् त ? यी प्रश्नहरूको उत्तर खोज्ने जिम्मेवारी पनि सम्बन्धित निकाय र तालुक मन्त्रालयकै हो।

एक्काइसौँ शताब्दीमा पनि बल, पद वा बर्दीको तुजुक देखाएर नागरिकसँग व्यवहार गर्न खोज्नु लोकतान्त्रिक शासन व्यवस्थासँग मेल खाँदैन। कानुन कार्यान्वयनका क्रममा देखाइने अमर्यादित व्यवहारले सम्बन्धित निकायको मात्र होइन राज्यकै छविमा असर पुर्‍याउँछ। नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्ने तथा कानुनको समान संरक्षण पाउने अधिकार सुनिश्चित जो गरेको छ। त्यसैले यस्ता घटनालाई एकाध अपवादका रूपमा टार्ने प्रवृत्ति छाडेर संस्थागत समस्याका रूपमा हेर्नु आवश्यक छ। मानवअधिकार, नागरिकसँगको व्यवहार र शक्ति प्रयोगको सीमासम्बन्धी नियमित तालिम, प्रभावकारी निगरानी संयन्त्र तथा पारदर्शी अनुशासन प्रणाली विकास गर्नु जरुरी छ। सबैभन्दा महत्त्वपूर्ण कानुनी र मानवीय सीमा नाघ्ने जोसुकैलाई पनि पद, बर्दी वा संस्थाको आड नदिई न्यायोचित कारबाहीको दायरामा ल्याइनुपर्छ। सम्भवतः सुधारको यात्रा त्यहीँबाट सुरु हुनेछ।

# बलियो सरकार, कमजोर नैतिकता र ‘ह्वाटअबाउटिज्म’को दलदल



**सन्दिप पराजुली**

आज कुनै सार्वजनिक मुद्दा उठ्दा त्यसको जवाफ तथ्य र जिम्मेवारीका आधारमा दिनुको सट्टा प्रतिप्रश्न गरेर पन्छिने प्रवृत्ति बढेको छ। चाहे त्यो प्रधानमन्त्रीले सदनमा दिएको सीमा विवादसम्बन्धी अभिव्यक्ति होस्, अर्थमन्त्री जोडिएको ‘बीवाईडी’ कर छली प्रकरण होस् वा ‘वासिङ मेसिनले चोख्याएको’ भनिएको गृहमन्त्रीको अस्वाभाविक सम्पत्ति प्रकरण नै किन नहोस्, यी सबैमा यस्तै प्रवृत्ति देखिन्छ।

राजनीति विज्ञानमा यसलाई ‘ह्वाटअबाउटिज्म” भनिन्छ। यसको सरल अर्थ हो कि आफूमाथि उठेको प्रश्न वा आलोचनाको सिधा उत्तर दिनुको सट्टा अर्को पक्षको गल्ती औँल्याएर विषयान्तर गर्नु अर्थात्, ‘हामीले के गर्‍यौँ ?’ भन्ने प्रश्नको उत्तर दिनुको सट्टा ‘उनीहरूले के गरेका थिए ?’ भन्ने प्रतिप्रश्न खडा गर्नु नै ह्वाटअबाउटिज्म हो।

नेपालको वर्तमान परिदृश्य एउटा रोचक तर चिन्ताजनक विरोधाभासको साक्षी बनेको छ। एकातिर देशमा संख्यात्मक रूपमा बलियो सरकार छ। संसद्मा स्पष्ट बहुमत छ र सरकारलाई आफ्नो एजेन्डा अघि बढाउन आवश्यक अङ्कगणितको अभाव छैन। तर अर्कोतिर, यही सरकारमाथि जनविश्वास भने अपेक्षाकृत कमजोर देखिन थालिसकेको छ। कारण सरकारको शक्ति होइन, त्यसको नैतिक आधारमाथि उठिरहेका प्रश्नहरू हुन्।

लोकतन्त्रमा सरकारको बल संसद्मा रहेको संख्या, मन्त्रालयहरूको नियन्त्रण वा सत्ता गठबन्धनको आकारले मात्र निर्धारण हुँदैन। सरकारको वास्तविक शक्ति त्यसले जनताप्रति कति जवाफदेही व्यवहार गर्छ, आलोचनालाई कति सम्मानपूर्वक ग्रहण गर्छ, र आफ्ना कमजोरीहरू स्वीकार गर्दै सुधार गर्न कति तत्पर हुन्छ भन्ने कुराले निर्धारण गर्छ। दुर्भाग्यवश, नेपालको वर्तमान राजनीतिक संस्कृतिमा यी गुणहरू क्रमशः दुर्लभ बन्दै गएका छन्। यसका थुप्रै उदाहरणहरू देख्न सकिन्छ।

राजनीतिक विश्लेषकहरूका अनुसार यो कुनै नयाँ प्रवृत्ति होइन। शीतयुद्धकालमा सोभियत संघले मानवअधिकार उल्लंघनबारे पश्चिमी देशहरूले आलोचना गर्दा प्रतिप्रश्न गर्थ्यो, ‘अनि अमेरिकामा हुने जातीय विभेदको के ?’ यसरी मूल प्रश्नको उत्तर नदिई अर्काको कमजोरी देखाएर बहसलाई मोड्ने रणनीति व्यापक रूपमा प्रयोग हुन्थ्यो। पछि यही शैलीलाई ‘ह्वाटअबाउटिज्म’ नाम दिइयो। नेपाल पनि यसबाट अछुतो छैन। बरु पछिल्लो समय यो प्रवृत्ति झनझन् संस्थागत हुँदै गएको महसुस हुन्छ।

यदि कुनै मन्त्रीमाथि अनियमितताको आरोप लाग्छ भने अपेक्षित जवाफ के हुनुपर्छ ? आरोपको सत्यता के हो ? छानबिन कहाँसम्म पुग्यो ? दोषी प्रमाणित भए कारबाही हुन्छ कि हुँदैन ? यस्ता प्रश्नहरूको स्पष्ट, तथ्यमा आधारित र जिम्मेवार उत्तर आउनुपर्छ। तर व्यवहारमा प्रायः मन्त्रीहरूकै प्रतिक्रिया हुन्छ– ‘देखाइदिऊँ ?’, ‘फाइल खोलिदिन्छु’, ‘भण्डाफोर गरिदिन्छु’, ‘अघिल्लो सरकारले गरेको भ्रष्टाचार बिर्सनुभयो ?’, ‘फलानो पार्टीका नेताको काण्डबारे किन बोल्नुहुन्न ?’, ‘उनीहरू सत्तामा हुँदा के गरेका थिए, हामीलाई थाहा छैन र ?’

तर प्रश्न उठ्छ, उनीहरूकै जस्तो व्यवहार गर्ने हो भने जनताले तपाईंहरूलाई किन रोज्ने ? फरक हुनुहुन्छ, जवाफदेही हुनुहुन्छ र पुरानै गलत राजनीतिक संस्कृतिलाई परिवर्तन गर्नुहुन्छ भन्ने अपेक्षाले नै त जनताले विश्वास गरेका हुन्। आरोपको जवाफ तथ्यले दिनुपर्ने ठाउँमा प्रतिप्रश्न र विषयान्तरको सहारा लिनु साँच्चै अचम्मलाग्दो कुरा हो। यस्ता प्रतिप्रश्नहरू आरोपको सारमा प्रवेश गर्दैनन्न बरु जवाफदेहिताबाट पन्छिने र बहसलाई विषयान्तर गर्ने प्रयास मात्र गर्छन्। यसले एउटा गम्भीर प्रश्न खडा गरेको छ– के हामी समस्याको समाधान खोजिरहेका छौँ वा केवल दोषको तुलना गरिरहेका छौँ ?

यदि कुनै व्यक्ति वा संस्था विगतमा गलत थियो भने त्यसको अनुसन्धान र कारबाही हुनुपर्छ। तर वर्तमानमा उठेका प्रश्नहरूको उत्तर दिनबाट त्यसले कसैलाई उन्मुक्ति दिँदैन। लोकतन्त्रमा ‘उनीहरू पनि गलत थिए’ भन्ने तर्क कहिल्यै ‘हामी सही छौँ’ भन्ने प्रमाण बन्न सक्दैन।

वास्तवमा ह्वाटअबाउटिज्मको सबैभन्दा ठुलो समस्या यही हो कि यसले सत्यलाई अस्पष्ट बनाउँछ। यसले दोषीलाई निर्दोष प्रमाणित गर्दैन, तर दोषको केन्द्रबिन्दुलाई अन्यत्र सारिदिन्छ। परिणामस्वरूप जनताले उत्तर पाउँदैनन्, केवल बहाना सुन्छन्।

झन् चिन्ताजनक पक्ष के छ भने अहिले सत्ता र प्रतिपक्ष दुवैले आवश्यकताअनुसार यही शैली अपनाउने गरेका छन्। सत्ता पक्ष सत्तामा हुँदा विगत सम्झन्छ, प्रतिपक्षमा पुगेपछि वर्तमानको आलोचना गर्छ। प्रतिपक्ष सत्तामा पुग्दा फेरि त्यही व्यवहार दोहोरिन्छ। पात्र फेरिन्छन्, प्रवृत्ति फेरिँदैन।

**यसको परिणाम के हुन्छ त ?**

सबैभन्दा पहिले सार्वजनिक बहस तथ्यमा होइन, आरोप र प्रत्यारोपमा केन्द्रित हुन पुग्छ। दोस्रो, वास्तविक जवाफदेहिता हराउन थाल्छ। किनकि प्रत्येक प्रश्नको जवाफ अर्को प्रश्नले दिन थालिएपछि कुनै पनि मुद्दा निष्कर्षमा पुग्दैन। तेस्रो, जनतामा निराशा बढ्छ। जब सबैले एकअर्कालाई दोष दिने मात्र गर्छन् र कसैले जिम्मेवारी लिँदैन, तब नागरिकको राजनीतिक प्रणालीमाथिको विश्वास कमजोर बन्छ।

नेपालमा अहिले देखिएको अर्को विडम्बना नैतिकताको मापन पनि राजनीतिक सुविधाअनुसार हुन थालेको छ। आफ्ना मान्छे संलग्न हुँदा कानुनी प्रक्रिया, अनुसन्धान र प्रमाणको कुरा गरिन्छ। विपक्षी संलग्न हुँदा तुरुन्तै नैतिकता र राजीनामाको माग उठाइन्छ। नैतिकताको एउटै मापदण्ड सबैका लागि लागु हुनुपर्नेमा त्यो दल, गुट र स्वार्थअनुसार बदलिने वस्तुजस्तो बनेको छ।

यसैकारणले वर्तमान समयको प्रमुख सङ्कट राजनीतिक अस्थिरता मात्र होइन, नैतिक नेतृत्वको अभाव पनि हो। सरकारसँग संख्या छ, शक्ति छ, स्रोत छ। तर जनताले खोजेको कुरा यीभन्दा बढी नैतिक विश्वसनीयता हो। नागरिकले सुन्न चाहेको उत्तर ‘उनीहरूले पनि गरेका थिए’ भन्ने होइन, ‘हामीले के गर्‍यौँ र अब के गर्दैछौँ’ भन्ने हो ।

बलियो सरकारको पहिचान आलोचकलाई चुप लगाउन सक्ने क्षमताले हुँदैन। बलियो सरकार त्यो हो जसले कठोर प्रश्नहरूको सामना गर्न सक्छ, गल्ती भए स्वीकार गर्न सक्छ, आफ्ना मानिसमाथि पनि निष्पक्ष छानबिन गर्न सक्छ र आलोचनालाई शत्रुताको रूपमा होइन, सुधारको अवसरका रूपमा लिन सक्छ।

लोकतन्त्रमा प्रतिपक्षको काम प्रश्न उठाउनु हो, सरकारको काम उत्तर दिनु हो। तर जब प्रश्नको उत्तर प्रश्नले नै दिन थालिन्छ, तब लोकतन्त्र संवादबाट होइन, बहानाबाट चल्न थाल्छ। लोकतन्त्रको आधार ‘उनीहरूको दोष’बाट होइन, ‘हाम्रो जिम्मेवारी’बाट स्थापित हुन्छ। जबसम्म ‘तपाईंहरूले के गर्दै हुनुहुन्छ ?’ भन्ने प्रश्नको जवाफ ‘उनीहरूले के गरेका थिए ?’ भन्ने प्रतिप्रश्नमै सीमित गरिन्छ, तबसम्म सरकार जति नै बलियो भए पनि लोकतन्त्रको नैतिक जग कमजोर नै रहनेछ। रातोपाटीबाट

## मधेश सरकारले ...

छ, भने संघीय सरकारबाट प्राप्त हुने वितीय अनुदान ९ अर्ब ४९ करोड ५९ लाख र चालु आर्थिक वर्षको बाँकी नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख हुने अर्थमन्त्रीको अनुमान छ।

यस्तै, एक अर्ब ५० करोड रुपैयाँ आन्तरिक ऋणबाट उठाउने अर्थमन्त्री भट्टराईले बताएका छन्। संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानवापत ७ अर्ब ८४ करोड ८५ लाख, शसर्त अनुदानवापत ८ अर्ब १० करोड २८ लाख, समपूरक अनुदानबाट ९४ करोड ७४ लाख र विशेष समपूरक अनुदानबाट ७० करोड गरी जम्मा १७ अर्ब ५९ करोड ८७ लाख प्राप्त हुने अनुमान बजेटमा उल्लेख छ।

# सीमा क्षेत्रको बाँध अग्लो बनाउँदा, गौर डुबानको जोखिममा



रौतहट, १ असार। रौतहटको गौर र भारतको बैरगनिया सीमामा भारतीय पक्षले एकतर्फी रूपमा बनाएको बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको छ। सीमा क्षेत्रको दशगजा वा त्यसको नजिक दुवै देशको सहमतिबिना कुनै पनि भौतिक संरचना निर्माण, विस्तार वा परिवर्तन गर्न नपाइने नियम भए पनि भारतीय पक्षले बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको हो ।छिमेकी देशको भूभागमा डुबान वा अन्य वातावरणीय क्षति नपुर्‍याउनका लागि एउटा देशले आफ्नो सिमानामा यस्तो संरचना बनाउने प्रावधान छैन। बैरगनिया क्षेत्रको बाँधकै कारण वर्षायाममा बाढीको बहाव थुनिने र त्यसले सदरमुकाम गौरसहित दर्जनौं नेपाली गाउँहरू डुबानमा पर्दै आइरहेको स्थानीय अमित केशरीले बताउनुभयो।

भारतले आफ्नो भूमि बैरगनियालगायतका बिहारको सहर डुबानबाट बचाउन सीमा क्षेत्रमा १५ फिट अग्लो र पाँच किलोमिटर लामो बाँध बनाएपछि नेपालतिर डुबान हुने गरेको केशरीले बताउनुभयो। भारतीय पक्षले बैरगनियाको पूर्वी क्षेत्रस्थित बाँधको तीनवटा ढोका सुलीसगेट बन्द गर्दै आएका कारण हरेक वर्ष गौर नगर क्षेत्र डुबानमा पर्दै आइरहेको उहाँले बताउनुभयो। गौर डुबानमा परेपछि नेपालीले बाँध भत्काउने र सुलीसगेट खोल्छ भनेर भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोली हतियारसहित २४सै घण्टा बाँधमा बस्दै आइरहेका केशरीले जानकारी दिनुभयो।

बाँध अग्लो हुँदा नेपालतर्फबाट बग्ने लालबकैया र वाग्मती नदीको पानीले निकास नपाउने र पानी 'ब्याक' भएर नेपाली बस्तीमा पस्ने गरेको नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सचिव तथा गौरवासी गौतम श्रेष्ठले जानकारी दिनुभयो। बैरगनिया क्षेत्रको रिङ बाँधमा माटो थपिँदा वर्षायाममा बाढीको बहाव रोकिने र यसले सदरमुकाम गौर र आसपासका क्षेत्रहरू पूर्ण रूपमा डुबानमा पर्ने गरेको श्रेष्ठले बताउनुभयो। गौरमा बाढीको पानी निकास नहुँदा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ। केही वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी किरण थापाको पालामा यसरी नै माटो थप्न लाग्दा नेपालका तर्फबाट स्थानीय प्रशासन र सुरक्षा निकाय (सशस्त्र प्रहरी)ले कडा आपत्ति जनाएपछि काम रोकिएको थियो। नेपाल–भारत दुई देशबीचको सहमतिअनुसार सीमारेखाको निश्चित दूरीभित्र एकतर्फी रूपमा बाँध वा सडकजस्ता अग्ला संरचना बनाउन निषेध गरिएको गौर नगरपालिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताले बताउनुभयो। तर भारतले आफ्नो भूमि डुबानबाट जोगाउन लगाएको बाँध मर्मतको बाहनामा माटो थपेको र चौडाइ पनि बढाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताउनुभयो।

भारतले एकतर्फी रूपमा पूर्वमा वाग्मती नदीदेखि र पश्चिमतर्फ बकैया नदीपारि बन्जराहा गाउँसम्मको पाँच किलोमिटर क्षेत्रसम्म बाँध निर्माण गरेका कारण बर्सेनि गौर नगर क्षेत्र डुबानमा पार्दै आएको उहाँले बताउनुभयो। विसं २०७७ मा आफू नगरप्रमुख हुँदा गौर नगरपालिका–२ महादेवपट्टि गाउँस्थित रहेको बकैया नदीमा तटबन्ध गर्दा भारतीय पक्षले अवरोध गरेको तर अहिले भारतले मनपरी ढङ्गले बाँध मर्मतका नाममा अग्लो तथा बलियो बनाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताउनुभयो। नेपाल–भारत सीमा क्षेत्रमा भारतले निर्माण गरेको बाँधमुनिको सुलीसगेट (पानी निकास हुने ढोका) बन्द गरेपछि गौरवासी झन् समस्यामा पर्दै आइरहेको उहाँले बताउनुभयो। बाँध र सुलीसगेट नखोलेका कारण गौर हरेक वर्ष डुबानमा परिरहेको उहाँको भनाइ छ।

यता रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतीय समकक्षी सितामाढी जिल्लाका प्रमुख (डिएम) रुचि पाण्डेसँग बाँधमा माटो थप्ने काम भएको भन्दै ध्यानाकार्षण गराएको बताउनुभयो। डिएम पाण्डेले आफूलाई भारतीय केन्द्रीय सरकारबाटै बाँध मर्मतको काम भएको जानकारी गराएको प्रजिअ भुसालले बताउनुभयो। दुई देशको सीमा र अन्तरराष्ट्रिय सन्धिसँग जोडिएको विषय भएकाले केन्द्र सरकारले कूटनीतिक नोट पठाएर यसको स्थायी समाधान खोज्न आवश्यक रहेको भन्दै विगतका मधेस प्रदेशका मुख्यमन्त्रीहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्। भारतले एकपक्षीय रूपमा बाँध बाधेपछि रौतहटको राजदेवी नगरपालिकाको बेलबिछुवा, ब्रम्हपुरी लक्ष्मीपुर, सदरमुकम गौरका नौवटै वडा र इशनाथ नगरपालिकाको बैरिया, औरैया र बन्जरहा गाउँ बर्सेनि डुबानमा पर्दै आएको छ। सो क्षेत्रमा हरेक वर्ष डुबानका कारण करोडौंको धनजन तथा बालीनालीको क्षति हुँदै आइरहेको छ।

# 'समृद्ध र विकसित समाज निर्माण गर्न सहकार्य र समन्वय आवश्यक छ'

रुपन्देही, १ असार। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समाजलाई कुसंस्कार र विकृतिबाट मुक्त गरी समृद्ध, विकसित र भाइचारापूर्ण समाज निर्माण गर्न सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभएको छ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयले आज भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आयोजना गरेको 'शान्ति पदयात्रा तथा जनचेतनामूलक कार्यक्रम' मा उहाँले समाजमा शान्ति, सुव्यवस्था र समृद्धि कायम गर्न सामूहिक प्रतिबद्धताको आवश्यकता औँल्याउनुभयो। प्रहरी महानिरीक्षक कार्कीले लुम्बिनीबाट सुरु भएको शान्तियात्राको सन्देश मुलुकभर फैलिनुपर्नेमा जोड दिनुभयो। उहाँले लागूऔषध दुर्व्यसन, सडक दुर्घटना, आत्महत्या, बालविवाह तथा लैङ्गिक हिंसाजस्ता सामाजिक विकृति गम्भीर चुनौतीका रूपमा रहेको उल्लेख गर्दै यस्ता समस्याको समाधान प्रहरी एक्लैको प्रयासबाट सम्भव नहुने बताउनुभयो। यसका लागि समाजका सबै पक्षले जिम्मेवारीबोधका साथ सहकार्य गर्नुपर्ने उहाँको भनाइ छ।

प्रहरी महानिरीक्षक कार्कीले नेपाल प्रहरीले परम्परागत कार्यशैलीभन्दा पनि प्रविधिमैत्री र जनमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिएको जानकारी दिनुभयो। बुद्धको शान्ति मार्गलाई व्यवहारमा उतार्दै प्रहरीले समाज रूपान्तरणका लागि विभिन्न सचेतनामूलक अभियान सञ्चालन गरिरहेको उहाँले उल्लेख गर्नुभयो। लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक नगरप्रमुख कल्पना हरिजनले सडक दुर्घटना, लागूऔषध दुर्व्यसन र आत्महत्याजस्ता घटनाले समाजलाई चुनौती दिइरहेको बताउनुभयो। खुला सीमाका कारण लागुऔषधको जोखिम बढ्नुका साथै युवाहरू कुलतमा फस्न थालेकाले यसको रोकथान र नियन्त्रणमा सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुभयो।

प्रहरी र स्थानीय तहबीचको सहकार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै नगरप्रमुख हरिजनले युवाको संरक्षण र सचेतनाका लागि नगरपालिकाले विभिन्न अभियान सञ्चालन गरिरहेको जानकारी दिनुभयो। नेपाल प्रहरीले सञ्चालन गरिरहेको 'प्रहरी हाम्रो साथी' तथा 'समुदाय–प्रहरी साझेदारी' कार्यक्रम प्रभावकारी रहेका उहाँको भनाइ छ। लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भूपेन्द्र खत्रीले समाजमा शान्ति, सुव्यवस्था कायम गर्न प्रहरी र समुदायबीचको आत्मीय सम्बन्ध आवश्यक रहेको बताउनुभयो। पछिल्लो समय समाजमा देखिएका हिंसात्मक गतिविधि र विकृतिविरुद्ध जनचेतना अभिवृद्धि गर्न कार्यक्रमले सकारात्मक योगदान पुर्‍याउने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल प्रहरी केन्द्रीय सङ्गीत विद्यालयको प्रस्तुतिसहित सडक नाटकको माध्यमबाट लागूऔषध दुर्व्यसन, सडक दुर्घटना न्यूनीकरण, आत्महत्यालगायत विषयमा सचेतनामूलक प्रस्तुति प्रस्तुत गरिएको थियो। यसैबीच, नेपाल प्रहरीको इतिहासमा पहिलो पटक आयोजना गरिएको प्रविधिमा आधारित 'ह्याक फर सेफ्टी ह्याकाथुन' प्रतियोगिता सम्पन्न भएको हो। लुम्बिनी प्रदेश प्रहरी कार्यालयको आयोजनामा तीन दिनसम्म सञ्चालन भएको उक्त प्रतियोगितामा देशभरबाट छनोट भएका युवा तथा प्रविधिविज्ञको सहभागिता थियो।

प्रविधिको प्रयोगमार्फत प्रहरी सेवा, सुरक्षा व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको प्रमुख प्रहरी नायब महानिरीक्षक खत्रीले बताउनुभयो। उहाँले अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन तथा नागरिकमैत्री प्रहरी सेवाका क्षेत्रमा नवीन र व्यावहारिक समाधान खोज्ने प्रयासस्वरुप प्रतियोगिता सञ्चालन गरिएको जानकारी दिनुभयो। प्रतियोगितामा सहभागी युवाले मोबाइल एप, कृत्रिम बौद्धिकता ( एआई), भ्वाइस सिस्टम तथा डिजिटल प्लेटफर्ममा आधारित विभिन्न अवधारणा प्रस्तुत गरेका थिए। प्रमुख प्रहरी नायब महानिरीक्षक खत्रीले प्रतियोगिताबाट परम्परागत प्रहरी कार्यशैलीलाई प्रविधिसँग जोड्दै नागरिकले घरबाटै उजुरी तथा सूचना दिन सक्ने, ट्राफिक व्यवस्थापनलाई स्मार्ट बनाउने, विपद् तथा अपराध नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। प्रतियोगिताका लागि देशभरबाट छनोट भएका १०० समूहले प्रतिस्पर्धामा सहभागिता जनाएका थिए। सहभागी टोलीलाई आवश्यक प्राविधिक सहयोग तथा मार्गदर्शनका लागि विभिन्न क्षेत्रका विज्ञ तथा निर्णायकको व्यवस्था गरिएको थियो।

### *अतिक्रमित...*

नाममा किनबेच, नामसारी वा अन्य कुनै माध्यमबाट हक हस्तान्तरण हुन नपाउने गरी रोक्का गर्न पत्रचार गरेको छ। मन्त्रालयका अनुसार सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन नेपाल सरकारसमक्ष पेश भइसकेको छ। उक्त प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ भने कार्यान्वयनलाई प्रभावकारी बनाउन आठ सदस्यीय समिति समेत गठन गरिएको छ। मन्त्रिपरिषद्को निर्णयअनुसार प्रतिवेदनमा उल्लेख भएका जग्गाको स्वामित्व परिवर्तन रोक्न भूमि व्यवस्थापन तथा अभिलेख विभाग तथा नापी विभागमार्फत आवश्यक प्रक्रियाअगाडि बढाइएको मन्त्रालयले जनाएको छ।

# प्रभावकारी सेवा प्रवाहका माध्यमबाट मुलुकलाई प्रगतिको मार्गमा अग्रसर गराऔँः राष्ट्रपति

काठमाडौँ, १ असार। राष्ट्रपति रामचन्द्र पौडेलले सुशासनका माध्यमबाट प्रभावकारी सेवा प्रवाह गरी देशलाई प्रगतिको मार्गमा अग्रसर गराउनु आजको आवश्यकता भएको बताउनुभएको छ। लोकसेवा आयोगको ७६औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित समारोहमा उहाँले जनताको विकासको चाहना पूरा गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "संघीय लोकतान्त्रिक गणतन्त्रका लागि बलिदान गरेका जनताको चाहना मुलुकको चौतर्फी विकास हो। अभीष्ट पूरा गर्न आधुनिक समयमा हाम्रो राज्य संयन्त्रलाई समयानुकूल, अझ जनमुखी, सेवामुखी, प्रविधिमैत्री र परिणाममुखी बनाउन आवश्यक छ।"

स्वउत्प्रेरित, अनुशासित, आचरणशील, नैतिकवान्, जिम्मेवार तथा राष्ट्रप्रति समर्पित कर्मचारीले यो भूमिकालाई परिणामुखी बनाउन सक्ने विश्वास व्यक्त गर्दै राष्ट्रपतिले प्रविधि र 'स्मार्ट' सेवा प्रवाहका माध्यमबाट कर्मचारीतन्त्रले नागरिकको मन जित्नुपर्नेमा जोड दिनुभयो।

संविधानले अङ्गीकार गरेको समावेशी लोकतन्त्रको मर्मअनुरुप स्थापित योग्यता प्रणालीको रक्षा गर्नु र यसको जगलाई अझ मजबुत बनाउनु पर्ने खाँचो औँल्याउँदै राष्ट्रपतिले भन्नुभयो, "आयोगप्रतिको भरोसा एवं यसले अवलम्बन गरेका सिद्धान्त र प्रणालीका कारण परिश्रमि युवाले लोकतान्त्रिक शासन व्यवस्थामा आफ्नो भविष्य सुरक्षित देख्न पाएको यथार्थलाई हामीले बिर्सन हुँदैन। विगतमा हासिल गरको अनुभव, ज्ञानसँगै विश्वव्यापीरुपमा विकसित यससम्बन्धी सिद्धान्त र प्रणालीको अध्ययनका आधारमा आफ्ना कामलाई भविष्यमा अझ परिस्कृत गर्न आयोगले योगदान गर्ने ठानेको छु।"

लोकसेवा आयोगको कार्यक्षेत्र विस्तारसँगै आफ्ना कार्य सम्पादनलाई प्रविधिमैत्री, वैज्ञानिक, व्यवस्थित र गुणस्तरीय बनाउँदै भावी योजना निर्धारण गर्नुपर्ने चुनौती कायम छ भन्दै राष्ट्रपति पौडेलले वार्षिकोत्सवको क्षणमा विगतको कामका समीक्षा गरी योजना तर्जुमा गर्न सुझाव दिनुभयो। उहाँले राज्य सञ्चालनमा आवश्यक सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्य कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको लोकसेवा आयोगले साढे सात दशकको अवधिमायोग्यता, निष्पक्षता र स्वच्छताको मूल सिद्धान्तका जगमा रहेर प्रभावकारी तवर काम गरेकामा आयोगको सराहना गर्नुभयो।

# मधेशमा विद्यालय पहुँच बढ्यो, सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण

**अजय शाह**

महोत्तरी, १ असार। मधेश प्रदेशमा शिक्षा क्षेत्रमा विद्यालय पहुँच विस्तार भए पनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको आर्थिक सर्वेक्षणले देखाएको छ। प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण प्रतिवेदनअनुसार रोजगारी, उद्योग, बैङ्किङ तथा भौतिक पूर्वाधार क्षेत्रमा प्रगति देखिए पनि शिक्षा क्षेत्रको अवस्था चुनौतीपूर्ण रहेको छ। अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभामा प्रस्तुत गर्नुभएको आर्थिक सर्वेक्षणमा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहेको उल्लेख गरिएको छ।

प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अझै महत्वपूर्ण रहेको भन्दै कृषि क्षेत्रले कुल अर्थतन्त्रमा ३४.९७ प्रतिशत योगदान पुऱ्याएको जनाइएको छ। शिक्षातर्फ मधेश प्रदेशमा तीन हजार ४८४ सामुदायिक र १ हजार ९८७ संस्थागत गरी कुल पाँच हजार ४७१ विद्यालय सञ्चालनमा छन्। यो संख्या देशभरका विद्यालयको करिब १५ प्रतिशत हो। विद्यालय जाने उमेरका बालबालिकाको पहुँच बढे पनि माथिल्लो तहमा विद्यार्थी टिकाउने चुनौती देखिएको सर्वेक्षणमा उल्लेख छ। कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९५।२ प्रतिशत पुगे पनि कक्षा ११ र १२ को भर्नादर भने राष्ट्रिय औसतभन्दा निकै कम ११।७ प्रतिशत मात्र रहेको छ। यसले माध्यमिक तहसम्म विद्यार्थी निरन्तरता कायम गर्न समस्या रहेको संकेत गरेको छ।

देशभर भर्ना भएका विद्यार्थीमध्ये सबैभन्दा ठूलो हिस्सा अर्थात् करिब २५ प्रतिशत मधेश प्रदेशकै रहेको तथ्याङ्कमा उल्लेख छ।आर्थिक सर्वेक्षणले भौतिक पूर्वाधारतर्फ भने प्रदेशमा सुधार भएको देखाएको छ। आ.व. २०८१र८२ मा ७७.५३ किलोमिटर कच्ची, ४०६.६३ किलोमिटर ग्राभेल, २५३.५५ किलोमिटर ढलान र ८३.९१ किलोमिटर कालोपत्रे सडक निर्माण भएको दाबी गरिएको छ। सो अवधिमा १०९ वटा कल्भर्ट र चार वटा पक्की पुल निर्माण भएको जनाइएको छ। विद्युत सेवातर्फ मधेश प्रदेशका शतप्रतिशत परिवार राष्ट्रिय प्रसारण ग्रिडमा जोडिएको प्रदेश सरकारको दाबी छ।

उद्योग तथा व्यवसाय क्षेत्रमा पनि विस्तार भएको सर्वेक्षणमा उल्लेख छ। प्रदेशमा १८ हजार ४१९ लघु तथा साना उद्योग र २५ हजार ८५१ कम्पनी दर्ता भएका छन्। चालु आर्थिक वर्षमा मात्रै एक हजार ६४५ नयाँ कम्पनी थपिएका छन् भने औद्योगिक कर्जा प्रवाह ५।४२ प्रतिशतले बढेको छ। पर्यटन क्षेत्रमा १२ वटा तारे होटल सञ्चालनमा आएको जनाइएको छ। बैङ्किङ पहुँचतर्फ पनि प्रदेशले प्रगति गरेको दाबी गरिएको छ। प्रदेशका सबै १३६ स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुगेको सर्वेक्षणमा उल्लेख छ। २०८२ फागुनसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त र एक पूर्वाधार बैङ्क गरी १०६ वित्तीय संस्था सञ्चालनमा छन्। प्रदेशभर एक हजार ७५४ बैङ्क शाखा सञ्चालनमा रहेका छन्।

बैंक तथा वित्तीय संस्थाले ४ खर्ब ४६ अर्ब रुपैयाँ निक्षेप संकलन गरी ५ खर्ब १० अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको तथ्यांक प्रस्तुत गरिएको छाकृषि तथा वन क्षेत्रमा भने केही चुनौती देखिएको छ। प्रदेशमा दुई लाख ७७ हजार १३५ हेक्टर वन क्षेत्र रहेको छ। वन क्षेत्रबाट दाउरा उत्पादन ३०.८० प्रतिशत र काठ उत्पादन १०.०९ प्रतिशतले बढेको उल्लेख छ। तर सिँचाइ क्षेत्रफल ४.३४ प्रतिशतले घटेर तीन लाख १९ हजार हेक्टरमा सीमित भएको छ। कृषि कर्जा प्रवाहसमेत ५.६६ प्रतिशतले घटेको छ। स्वास्थ्य क्षेत्रमा प्रदेशभर ५० लाख ७० हजार पटक स्वास्थ्य सेवा प्रवाह भएको सर्वेक्षणमा उल्लेख छ। प्रदेशको कुल प्रजनन दर २.७ रहेको छ, जुन राष्ट्रिय औसत १.९ भन्दा बढी हो। मातृ मृत्युदर भने प्रतिलाख १४० रहेको छ।

रोजगारीतर्फ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममार्फत १० हजार १६८ जनाले रोजगारी पाएको उल्लेख छ। यद्यपि पछिल्ला पाँच वर्षदेखि यो संख्या घट्दो क्रममा रहेको जनाइएको छ। वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या भने एक लाखभन्दा बढी रहेको छ। प्रदेश लोक सेवा आयोगले चालु आर्थिक वर्षमा प्रदेश निजामती सेवाका लागि ३३९ र स्थानीय सेवाका लागि १ हजार ४४१ पदमा विज्ञापन आह्वान गरेको छ। विभिन्न तह र समूहमा ११६ जना उम्मेदवार सिफारिस भएको सर्वेक्षणमा उल्लेख छ। सुशासनतर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीमध्ये भौतिक पूर्वाधार मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी ३७८ वटा रहेका छन्। त्यसपछि स्वास्थ्य १७०, वन १०३ र कृषि ९८ वटा उजुरी रहेका छन्।

समग्रमा मधेश प्रदेशमा पूर्वाधार, बैङ्किङ र उद्योग क्षेत्रमा सुधार देखिए पनि शिक्षा, कृषि, रोजगारी र उत्पादनशील क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता रहेको आर्थिक सर्वेक्षणले औँल्याएको छ।

# बाढी प्रभावित ७३ परिवारलाई घर हस्तान्तरण

महोत्तरी, १ असार। भंगहा नगरपालिकामा बाढीबाट प्रभावित भएका ७३ परिवारलाई आज घर हस्तान्तरण गरिएको छ। गत असोज १९ र २० गते जिल्लाको रातो खोलामा आएको बाढीका कारण घरबारविहीन भएका भंगहा नगरपालिकाका दलित, गरीब र अतिविपन्न ७३ परिवारलाई नयाँ घर निर्माण गररी आज हस्तान्तरण गरिएको हो। गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा साझेदार संस्था दलित समाज उत्थान समिति नेपालले नगरभित्र सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत यहाँका बाढी पीडित परिवारलाई निर्माण सामग्री सहयोग गरी घर बनाएर आज सम्बन्धित व्यक्तिलाई हस्तान्तण गरेको हो।

भंगहा–४ स्थित थारुटोलमा आज आयोजित एक कार्यक्रममा नगरप्रमुख सञ्जीवकुमार साहलाई गुड नेवर्स इन्टरनेशनलका प्रतिनिधि टुपेन्द्र खुलाल र दलित समाज उत्थान समितिका प्रतिनिधि रामभजन महतोले संयुक्त रूपमा घरको प्रमाणपत्र हस्तान्तरण गरे। सहयोगी संस्थाले भंगहा–१ मा एक, वडा नं २ मा तीन, वडा नं ३ मा आठ, वडा नं ४ मा १२, वडा नं ५ मा आठ, वडा नं ६ मा १२, वडा नं ७ मा आठ, वडा नं ८ मा पाँच र वडा नं ९ मा १६ वटा घर निर्माण गरेका छन्। रु एक करोड एक लाख ७१ हजार ५७४ खर्च गरेर निर्माण गरिएका ७३ वटा घरबाट ३७५ जना प्रत्यक्ष लाभान्वित भएका एकीकृत सामुदायिक विकास परियोजनाले जनाएको छ।

घर हस्तान्तरण कार्यक्रममा नगरप्रमुख साहले पालिकाभित्रका दलित, गरिब र अतिविपन्न बाढी पीडित ७३ परिवारलाई घर बनाउन सहयोग गर्ने सहयोगी संस्थाहरूप्रति आभार व्यक्त गरे। उनले पालिकाभित्र यी संस्थाहरूले शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार, बालविवाहमुक्त अभियान, आयआर्जन लगायत क्षेत्रमा पुऱ्याएको सहयोगको प्रशंसा गरे। उनले नगरको समग्र विकासका लागि आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गरे।

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# गर्मीबढेसँगै सर्पदंशका बिरामीको संख्यामा वृद्धि




महोत्तरी, १ असार। महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित प्रादेशिक अस्पताल जलेश्वरमा सर्पले डसेका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। प्रादेशिक अस्पताल जलेश्वरका आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी रामउदित यादवका अनुसार अहिले यस अस्पतालमा दैनिक रुपमा पाँच जनासम्म सर्पले डसेका बिरामी उपचारका लागि आउने गरेका छन्। जिल्लामा केही दिनदेखि अत्यधिक गर्मीका कारण विषरहित विभिन्न तथा विषालु प्रजातिका सर्पले हिँडिरहेका तथा खेतबारी काम गर्न पुगेका व्यक्तिलाई डस्ने क्रम बढ्दो छ। उपचारका लागि अस्पतालमा पुग्नेमध्ये बढी बिरामी विषरहित सर्पले टोकेको तथा केही मात्रै विषालु सर्पले टोकेको बिरामी आउने गरेको उनले जानकारी दिए।

महोत्तरीमा विषरहित ढोरिया र हरहरा तथा विषालु सबैभन्दा बढी करेत र गोमन सर्पहरु बढी पाइने गरेको छ। गत वैशाख महिना मात्रै २३ जना सर्पले डसेका बिरामी उपचारका लागि अस्पताल पुगेकामा जेठमा त्यो संख्या बढेर ५६ जना पुगेको छ। महोत्तरीका १० वटै नगरपालिका र पाँच गाउँपालिकामा गर्मीयाममा सर्पको जोखिम रहेको छ। अस्पतालमा सीमापारी भारतको विभिन्न ठाउँठाउँबाट पनि बिरामी उपचारको लागि आउने गरेको अस्पतालले जनाएकोछ। अस्पताल प्रशासनका अनुसार सर्पले डसेको बिरामीलाई दिइने एन्टिभेनम (औषधि) पर्याप्त मात्रामा रहकाले उपचारमा समस्या भने रहेको छैन।

अस्पतालमा आइसियु कक्ष नरहेकाले विषालु सर्पले डसेर आउने उच्च जोखिमका बिरामीलाई थप उपचार गर्न अन्य अस्पतालबाट रेफर गर्नुपर्ने बाध्यता भने रहेको देखिन्छ।

# बगरलाई बगैँचा बनाउने अभियानमा जुट्दै युवा

महोत्तरी, १ असार। चार दशकअघि बर्दिवास नगरपालिका–१२ र १३ बिजलपुराको मा रातु नदीमा आएको बाढीले बगर बनाएको क्षेत्रमा विभिन्न प्रजातिका बिरुवा लगाउन यहाँका युवा जुटेका छन्। 'बिजलपुरा रुपान्तरण अभियान' मार्फत हरियाली बनाउँदै पर्यावरण प्रवर्द्धन र आर्थिक उपार्जनका लागि यहाँका युवा 'बगर बगैँचा अभियान' मा जुटेका हुन्।

विसं २०४० अघि पटकपटक रातु नदीमा आएको बाढीले बगर बनाएको पश्चिमी भँगालोमा पर्ने एक हजार बिघाभन्दा बढी जग्गालाई बगर बगैँचा बनाउने अभियानमा युवा जुटेका बिजलपुराका प्रमोदकुमार महतोले बताउनुभयो। "यहाँको उर्वर जग्गा रातुले बगर बनाएपछि कति जना सुकुमवासी हुनुपऱ्यो। तीन वटा भँगालो बनेर एक हजार बिघाभन्दा बढी जग्गा बगर बनाएको रातुका पूर्वी र पश्चिमी भँगालो दुई दशकअघि तटबन्ध बनेपछि उक्सिएका छन्", उहाँले भन्नुभयो, "पश्चिमी भँगालोमा उक्सिएको बगरमा हामीले बगैँचा र उत्पादनशील जग्गा बनाउने सम्भावना खोज्न थालेका हौँ।"

बिजलपुराको शिक्षा, स्वास्थ्य, पर्यावरण र कृषि क्षेत्र सुधारका लागि युवापुस्ताले 'बिजलपुरा रुपान्तरण अभियान' थालेका छन्। अहिले उकास भएको पश्चिमी भँगालोको बगरमा सोही अभियानअन्तर्गत रही 'बगर बगैँचा' को अवधारणमा छलफल गरी विभिन्न सरोकार भएका निकायसँग समन्वय थालिएको उक्त अभियानका संयोजक राजकरण महतोले जानकारी दिनुभयो। "यहाँ बगर बनेको हजारौँ बिघा जग्गालाई हराभरा बगैँचा बनाउने प्रक्रियामा हामी जुटेका छौँ", उहाँले भन्नुभयो, "यसका लागि जग्गाधनी, स्थानीय जनप्रतिनिधि, बर्दिवास नगर कार्यपालिकाको कार्यालय र वातावरण तथा पर्यावरणका क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्थासँग छलफल र समन्वय गरिरहेका छौँ। यसले शीघ्र पूर्णता पाउनेछ।"

रातुको पश्चिमी भँगालोमा पर्ने भङ्गाहा नगरपालिका–६ को उकास बगरमा पछिल्लो १० वर्षयतादेखि करिब ३०० बिघा जग्गा हराभरा भएको छ। यो बगरका पहिलेका जग्गाधनीले पुनः खेती लगाउन पाएका छन्। साथै गौशाला नगरपालिका–८ स्थित सोनीनदी किनारको करिब २०० बिघा उकास बगर हरित क्षेत्र बनेको छ। यी दुवै ठाउँमा सम्बद्ध नगर कार्यपालिकाको कार्यालयसँगको समन्वयमा चुरे तथा जलाधार संरक्षण, कृषि एवं हरियाली प्रवर्द्धन क्षेत्रमा कार्यरत सामुदायिक विकास तथा पैरवी मञ्च नेपालले स्थानीयको सहभागितामा 'बगर बगैँचा' अभियान सञ्चालन गरेको बिजलपुरा रुपान्तरण अभियानका रमेश महतोले बताउनुभयो। उहाँका अनुसार यी क्षेत्रका बगरमा अहिले आँप, लिची, अम्बा, कागतीलगायतबाट लगाएर हरियाली बनाइएको छ।

छिमेकका यिनै दुई ठाउँको बगर बगैँचा देखेपछि आफूहरूलाई यहाँको उकास बगरमा यस्तै काम गर्ने प्रेरणा जागेको अभियान्ता महतोले उल्लेख गर्नुभयो। उहाँका अनुसार पहिलो चरणमा यहाँको बगर क्षेत्रको अवस्था, माटोको गुणस्तर, सिँचाइको सम्भावना र दीर्घकालीन कृषि प्रवर्द्धनका सम्भावनाबारे सामुदायिक विकास तथा पैरवी मञ्चसहित सरोकार भएका निकायका विज्ञले स्थलगत अध्ययन गरेका छन्। "हामीले बर्दिबास–१२ मा पर्ने रातुको पश्चिमी भँगालोको उकास बगरक्षेत्र अवलोकन गऱ्यौँ", मञ्चका अध्यक्षसमेत रहनुभएका वातावरणविज्ञ नागदेव यादवले भन्नुभयो, "यो ठाउँ भङ्गाहा–६ को र गौशाला–८ को बगरभन्दा उर्वर छ।" यहाँ रोपिने रुखका बिरुवा चाँडै बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। यस अभियानमा बर्दिवास नगरकार्यपालिकाको कार्यालयसँगको समन्वय र साझेदारीमा आफ्नो संस्था जोडिएको उहाँको भनाइ छ।

भंगाहा–६ को बगर उर्वर जग्गा भएकाले यसको संरक्षण गरी उपयोग गर्नुपर्ने स्थानीय बताउँछन्। यसैबीच, गौशालाको उकास बगर भने आर्थिक अवस्था कमजोर भएका मुसहर समुदायलाई उत्पादनसँग जोड्न नगरपालिकाले उपलब्ध गराएको छ। बगैँचाभित्र भूमिहीन मुसहरले तरकारीखेती गरेर प्रशस्त आयआर्जन गरिरहेका छन्। दुवै ठाउँको बगर बगैँचाभित्र तरकारीखेती विस्तारका लागि मञ्चले बीउविजन, बिरुवा र प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ। यसैगरी ठाउँठाउँमा सिँचाइका लागि बोरिङ्ग जडान गरिएको मञ्चका अध्यक्ष यादवले जानकारी दिनुभयो। नगरकार्यपालिकाको कार्यालय र मञ्चको सहयोग तथा स्थानीयको मेहनतले ती ठाउँ हराभरा बनेका उहाँको भनाइ छ।

बगर बगैँचाको अवधारणा वर्षौंदेखि बञ्जड बनेको ठाउँलाई फेरि चार दशक पहिलेको जस्तै उर्वर जग्गा बनाउने उद्देश्यका साथ सम्भाव्यता अध्ययन गरी सम्बद्धपक्षसँगको समन्वयमा पहलकदमी लिइएको बिजलपुरा रुपान्तरण अभियानमा आबद्ध आनन्दकुमार सिंहले बताउनुभयो। "हामी आफ्नो ठाउँलाई समृद्ध बनाउने अभियानमा छौँ", उहाँले भन्नुभयो, "आपसी सहकार्य र समन्वयबाट यो अभियान अघि बढ्छ।" "युवाको पहलमा केही हुन्छ कि भन्ने आश पलाएको छ", बर्दिवास–१३ का रामप्रकाश महतोले भन्नुभयो, "फेरि एकपटक जग्गाधनी बन्न पाइने र खेती गरी आयअर्जनमा जोड्डिने आशा जगाएको छ।" बस्तीका युवाको पहलमा अघि बढेको अभियानमार्फत बगर फेरि उत्पादनशील जग्गा बन्ने सम्भावना बढेको बर्दिवास–१३ का वडाध्यक्ष लक्ष्मण सिंहले बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)